असार १५ सम्म भुक्तानीका लागि माग पेश हुनुपर्ने । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१४, ● अंक-४८ ● २०७९ जेठ ३० गते सोमबार, ● 13 June 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरका देउला दम्पत्ती

# सीप जोगाउँदै, पैसा कमाउँदै

विकास संवाददाता
थाहानगर

आँगनको डिलमै दुईजना वृद्धवृद्धा बसिरहेको दृश्य । लाग्छ, कसैको बाटो हेर्दै पीडी कुरिरहेका छन् । तर त्यसो होइन, उनीहरू त आफ्नो सीपमा प्रस्तुत भैरहेका थिए । मकवानपुर थाहा नगर पालिका वडा नम्बर २ इन्द्रायणी वस्ती (देउला गाउँ) का यि दम्पती निकै मिहिनत गर्छन् । पुरानो पेशा जोगाउन मात्र तल्लिन छैनन् उनीहरू कमाई पनि गरिरहेका छन् । इन्द्रायणी वस्तीका पूर्ण सिं देउला र उनकी श्रीमती मंगल मायाँ फुर्सन हुने वित्तिकै निगालोको ढक्की, कँडाली, बल (निगार छान्ने) बुन्न थाली हाल्छन् ।



*थाहा-२ का मंगल मायाँ देउला (बायाँ) र पूर्ण सिं देउला (दायाँ) ढक्की बुन्दै । फोटो: गणेश विष्ट/विकास खबरपत्रिका*

पहिले-पहिले पालुङको इन्द्रायणी वस्तीमा घरैपिच्छे यो काम पेशाकै रूपमा गरिन्थ्यो । पुर्ण सिंले-'मैले नि आमाबाट सिकेको हुँ, अहिले बुढ्यौलीका बेला काम लाग्यो ।' वि.सं. २०४५ सालमा आमा बित्नु भो, सीप ताजै छ-पूर्ण सिं ले थपे । मंगल मायाँ पनि आफ्नी सासुबाटै सिप सिकेको बताउँछिन् । '११ वर्षकै उमेरमा मलाई ह्वाँले चोरेर ल्याउनु भो, माइतीमा त जान्ने कुरै भएन'- मंगल मायाँले भनिन् । ढक्की बुन्न निगालोको चोया बनाउनु पर्छ । निगालो चिरेर बनाइने साना रेसालाई चोया भनिन्छ । ढक्की/कँडालीलाई आकर्षक बनाउनका चोयामा रंङ दलेर सुकाउनु पर्छ । मंगल मायाँले आफ्नो सीपको बखान गर्दै भनिन्-'रंग मिलाई-मिलाई चोया फेर्दै बुन्दा ढक्की/कँडाली चिटिक्क हुन्छ ।'

निगालाका सामाग्री बुन्दा मंगल मायाँ पिँध बनाउँछिन् । उनका श्रीमान् पूर्ण सिं पिंध लाउने सीपमा कमजोर छन् । उनी भन्छन्-'बुढि पिँध लाउन सिपालु छिन्, म बिट उठाउँछु ।' चोया तयारी अवस्थामा भए यि दम्पत्तीले एकै दिन ५ वटासम्म ढक्की/कँडाली बुन्न भ्याउँछन् । कतिपय घरैबाट बिक्री हुन्छन् । बाँकी भएका सामाग्री काठमाण्डौ लगेर बेचेर आउँछन् । 'काठमाण्डौंको भिउसिन थानमा एउटा पसल छ त्यहाँ लगेर दिन्छौं पसलेले हाताहाती पैसा दिन्छ, बेच्ने ठाउँको चिन्तै छैन'-पूर्ण सिंले भने । उनीहरू साइज अनुसार एउटा ढक्की ५ सयदेखि माथिको मूल्यमा बेच्छन् । निगालो किन्न पऱ्यो भने एउटाको २ रूपियाँ पर्ने पुर्ण सिं ले बताए । इन्द्रायणी बस्तीका युवाहरू यो सीप सिक्न भने मनै नगर्ने उनीहरू बताउँछन् । सीप सिक्दा घरैमा बसेर आम्दानी गर्न सकिने उनीहरूको अनुभव छ ।

पुर्ण सिं ८० वर्ष भए । उनी र उनकी श्रीमती मंगलाको काम ढक्की बुन्ने मात्र भने हैन । उनीहरू अझै खेत बारीको काम गर्छन् । रिपोर्टिङमा पुगेका संचारकर्मीहरूलाई आँगनको डिलबाटै पूर्ण सिं ले देखाउँदै भने-'अघि भर्खर ऊ त्यहाँ बन्दाको झार ओखेलेर आको, अहिले थालेको काम किन अचकल्तो राख्नू भनेर ढक्की बुन्न थाल्यौं ।' खेतबारीको काम भ्याएपछि उनीहरू निगालाको सामान बनाउने काम गर्छन् । 'अहिले त फुर्सद भएर मात्र हो नत्र यो काम झरी पर्दा घर भित्र बसेर गर्छौं'-मंगल मायाँले भनिन् । उनी थप्छिन्-'चोया ठीक्क पारेर राख्यो, फुर्सदमा गरेको कामले नि कुटुकुटु आम्दानी भैरहन्छ, नगरपालिकाले दिने वृद्ध भत्ताले घरको नून मसाला टर्छ ।'

पूर्ण सिं दम्पत्तीले खेत र बारी गरेर २० रोपनी क्षेत्रफलमा तरकारी खेती गरेका छन् । ११ रोपनी खेत र ९ रोपनी बारीमा खेतीपाती गर्दै आएको पुर्ण सिं ले सुनाए । खेतीपातीमा पनि उनीहरू निकै मिहिनत गर्छन् । उनीहरूको ३ भाई छोरा छन् । तीनमध्ये माइलो छोराको मृत्यू भैसकेको उनीहरूले दुखद् खबर सुनाए । 'एक भाइ अझै मेल्टरी (नेपाली सेना) मा छ, अर्को व्यापार गर्छ'-पूर्ण सिं ले भने । मकवानपुर थाहानगरको पालुङ, बज्रवाराही तथा चित्लाङमा देउलाहरूको बसोबास रहेका छ ।

# ईन्द्रसरोवरमा ५० प्रतिशत अनुदानमा कृषि औजार र सामाग्री वितरण

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ मा रहेको श्री गणेश कृषक समूहले विभिन्न कृषि औजार तथा सामाग्री वितरण गरिएको छ । इन्द्रसरोवर गाउँपालिका कृषि विकास शाखाको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यनुवल अनुसार ५० प्रतिशत अनुदानमा समूहले सामाग्रीहरू वितरण गरिएको हो ।

इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यमा सिम्लाङमा एक कार्यक्रमकाबीच कृषक तथा कृषि समूहहरूलाई मिनी टिलर, डिजिटल काँटा, इलेक्ट्रिक स्प्रे पम्प, हिल टेक ट्याङ्की, टनेल प्लाष्टिक, विउविजनहरू, सुक्ष्म तत्व भिटामिनलगायतका सामाग्रीहरू वितरण गरिएको हो । किसानहरूलाई दोस्रो चरणमा इन्सेक्ट नेट, मल्चिङ प्लाष्टिक, थोपा सिंचाइ पाइपलगायतका सामाग्री वितरण गरिने श्री गणेश कृषक समूहले जनाएको छ ।

सामाग्री वितरण गर्दै गाउँपालिका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथी पुडासैनीले परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण गर्नका लागि सामाग्री सहयोगी सावित हुने विश्वास व्यक्त गरे । उनले अनुदानका सामाग्रीको अधिक्तम प्रयोग गर्नका लागि सुझाव दिए । पालिकाको सहयोगबाट कृषकको आर्थिकस्तर उकास्न र परिवर्तन गर्न ठूलो सहयोग मिल्नेमा अध्यक्ष पुडासैनीले आशा व्यक्त गरे । उनले खेतीपातीबाट भएको आम्दानीबाट परिवारको स्वास्थ्य र शिक्षामा लगानी गर्न पनि आग्रह गरे । उपाध्यक्ष उमा कुमारी लामाले पालिकाका किसानहरूले कृषि औजार तथा सामाग्री पाउनु कृषि यान्त्रिकरणको फड्को भएको बताइन् । उनले परम्परागत कृषि प्रणालीमा भन्दा यान्त्रिकीकरण मार्फत खेतीपाती गर्दा समयको बचत समेत हुने बताइन्। 'गोरूले खेत बारी जोत्दा घण्टौं लाग्ने काम ट्क्टर (मिनी टिलर) माफत जोत्दा कम समय लाग्छ, उदाहरण यहि हो'-उपाध्यक्ष लामाले भनिन् । कार्यक्रममा कृषि विकास शाखा प्रमुख कुमार पौडलले कृषि औजार र सामाग्रीको प्रयोग, कार्यक्रमको उद्देश्य तथा यसले दिने प्रतिफलको विषयमा मन्तव्य व्यक्त गरेका थिए ।

श्री गणेश कृषक समूहकी अध्यक्ष चिनी कुमारी थापा मगरको सभाध्यक्षतामा भएको कार्यक्रममा इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष उमा कुमारी लामाको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा वडा नम्बर १ का वडा अध्यक्ष सुवास थापा मगर, ३ नम्बर वडाका निवर्तमान वडा अध्यक्ष चिरञ्जीवि पौडेल, वडा सचिव सुरेश प्रसाद कोइराला, कृषि शाखा प्रमुख कुमार पौडेल, कृषि प्राविधिक सृष्टि सिग्देल, अगुवा कृषक झमकलाल बलामीलगायतकाको आतिथ्यता रहेको थियो ।

# क्षयरोग रोकथामबारे थाहानगरका स्वास्थ्य संस्था प्रमुखहरूलाई अभिमुखीकरण

◆ विकास संवाददाता

क्षयरोग मुक्त नेपाल अभियानअन्तर्गत् थाहा नगरपालिकामा क्षयरोग रोकथाम तथा नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रम २० जेठमा सम्पन्न भएको छ । थाहा नगरपालिकाको आयोजनामा शिखर कोटस्थित शंकर होटलमा कार्यक्रम भएको हो ।

अभिमुखीकरणमा थाहाका १२ वटै वडामा रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र सहरी स्वास्थ्य केन्द्रका प्रमुखहरूको सहभागिता रहेको थियो । सहभागीहरूलाई थाहा नगरपालिका क्षयरोग कार्यक्रम संयोजक प्रदिम्न हमालले सहजीकरण गरेका थिए ।

कार्यक्रममा क्षयरोगबारे जानकारी गराउनुका साथै सो रोगको रोकथाम र नियन्त्रणका उपायहरूका बारेमा अभिमुखीकरण गरिएको थियो । सो अवसरमा थाहा नगरपालिकाका स्वाथ्यकर्मीहरू सन्तोष केसी, स्वेता पराजुली लगायतको सहभागिता रहेको थियो ।

# जिसस मकवानपुरका पदाअधिकारीको विदाई

**मकवानपुर/** जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका पदाधिकारीहरूको विदाई गरिएको छ । १९ जेठमा कार्यालयले एक कार्यक्रमको आयोजना गर्दै जिसस प्रमुख, उपप्रमुखलगायत सदस्यहरूलाई विदाई गरेको हो । जिससको हलमा आयोजित कार्यक्रममा बोल्दै निवर्तमान प्रमुख रघुनाथ खुलालले ५ वर्षे कार्यकाल सुखद रहेको बताए ।

आफ्नो पाँच वर्षे कार्यकाल सुखद रहेको बताउँदै उनले यसमा कार्यालयका कर्मचारी, सरकारी तथा गैरसरकारी संघ संस्था, राजनैतिक दललगायत सम्पूर्ण मकवानपुरवासीको साथ र सहयोग प्राप्त भएको बताए ।

सीमित स्रोत साधन र ऐन नियमको अभावमा पनि जिसस मकवानपुरबाट थुप्रै कामहरू भएको भन्दै आगामी दिनमा समेत संस्थाबाट त्यस्तै हुने विश्वास व्यक्त गरे ।



# • सम्पादकीय •

## जस्को योजना, उस्कै सहभागिता आवश्यक

अहिले सबै ७५३ वटै स्थानीय तहहरु आर्थिक वर्ष २०७९/२०८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणको तयारीमा जुटेका छन् । संविधानअनुसार बनेका स्थानीय तहहरुको यो दोस्रो कार्यकालको पहिलो बजेट हुने भएकाले पनि नवनिर्वाचित जनप्रतिनिधिहरु महत्वकासाथ बजेट निर्माणको तयारीमा जुटेका छन् । कतै पुरानै तरिकाले त कतै नयाँ शैली प्रयोग गरेर बजेटमाथिको राय सुझाव संकलन गर्ने काम भइरहेको छ । यसपटक अलि बढी जनप्रतिनिधिहरु वस्तीस्तरमा पुगेर स्थानीयबासीसँग रायसुझाव लिएर बजेट निर्माणमा जुटेका छन्, यसलाई राम्रो अभ्यास मान्न सकिन्छ । जति धेरै जनताको रायसुझाव संकलन गर्न सकियो, त्यति धेरै यथार्थपरक योजना बन्ने भएकाले बजेट निर्माणमा समुदायलाई सक्रिय बनाउनु आवश्यक छ । त्यसो त बजेट कार्यान्वयन गर्ने स्थानीय समुदाय (उपभोक्ता) नै भएकाले उनीहरुले आफ्नै सहभागितामा बनाएको बजेटको स्वामित्व लिन्छन्, जसले कार्यान्वनमा पनि सहयोग पुग्नेछ ।नेपालको संविधानले सार्वभौम अधिकार नेपाली जनतामा निहित गर्दै स्थानीय तहलाई अधिकारसम्पन्न बनाएको छ । संविधानले दिएको अधिकार सहीरुपमा प्रयोग हुने हो भने स्थानीय तहले फरक सरकारको मान्यता पाएको छ । स्थानीय तहमै व्यवस्थापिका, कार्यपालिका र एक तहसम्मको न्यायिक निर्णयका लागि न्यायिक समिति पनि बनेकाले संघीयताको विशिष्ट अभ्यास स्थानीय तहमार्फत भइरहेको छ भन्ने बुझ्नुपर्छ ।

संविधानले स्थानीय तहलाई अनुसूचि ८ मा प्रष्टरुपमा २२ वटा एकल अधिकार दिएको छ । त्यस्तै संघ र प्रदेशको साझेदारी तथा समन्वयमा लागु गर्नुपर्ने अधिकार पनि छन् । विगत पाँच वर्षको अनुभव हेर्ने हो भने स्थानीय तहले यी सबै अधिकार प्रयोग गर्न सकेको देखिएन । देशका एकाध पालिकाबाहेक अधिकांशले पुरानै ढर्राले सडक खन्ने, विद्यालय भवन बनाउनेजस्ता काम त गरे तर जनतालाई नै परिचालन गरेर जनताको जीवन परिवर्तन गर्नसक्ने खास कार्यक्रम ल्याउन र लागु गर्न सकेनन् । जनताको जीवन परिवर्तन गर्ने भनेको उनीहरुको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा सुधार ल्याउनु हो । त्यसका लागि विगत पाँच वर्षमा अपेक्षाकृत काम हुन सकेनन् । नागरिकको सबैभन्दा नजिकको अभिभावकको रुपमा स्थानीय तह हो भन्ने यथार्थबोध सबैले गर्नुपर्छ । स्थानीय तह जनताको प्रत्यक्ष अभिभावक वा साथी भएर काम गर्ने हो । जनतालाई दैनिकदिन पर्ने समस्या समाधानदेखि आयआर्जन र अन्य संकटमा सहजीकरणका काम स्थानीय तहले गर्ने हो । कतिपय साना अत्यावश्यकीय विकास निर्माणका काम पनि स्थानीय तहले गर्नुपर्ला तर स्थानीय तहको मुख्य काम जनताको जीवन सहज बनाउने नै हो । जनताको जीवन सुरक्षित र सहज बनाउँदै उत्पादन बृद्धिमा जोड दिनु स्थानीय तहको मुख्य कार्यभार हो ।

दिगो र आत्मनिर्भर अर्थतन्त्र नभएको नेपालजस्तो मुलुकमा स्थानीय उत्पादन बढाएर मात्रै आत्मनिर्भरताको खोजी गर्न सकिन्छ, यसको अगुवाइ गर्ने काम स्थानीय तहकै हो । स्थानीय सरकारहरु पनि समुदायकेन्द्रित हुनु जरुरी छ । पालिकास्तर र वडाहरुमा टोल विकास संस्थाहरुलाई थप अधिकार सम्पन्न बनाउँदै योजना निर्माण, कार्यान्वयन र मूल्यांकनमा सक्रिय सहभागी गराउने नीति लिनु आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# गाउँदेखि गहुँसम्मका कुरा



अच्युतप्रसाद पौडेल

हाम्रो सिंहदरबार अहिले गाउँ पसेको छ, डोजर र कार्यकर्ता लिएर । गाउँका मानिस भने कि त खाडी पसे, कि सहर र केही त युरोप, अमेरिका र अष्ट्रेलियातिर हान्निएका छन्, मीठो खाने र राम्रो लाउने रहरमा । छिमेकी भएर के गर्नु, ख्यालख्यालमै रसिया युक्रेन युद्धमा युक्रेनी एक लाख जनता सिद्धिए । लाखौँले देशै छोडे । संसारलाई पीर परेको छ । कारण रसिया र युक्रेनले खाने तेल, गहुँ निर्यात गरेको थियो, अब गरेन । युक्रेन, अर्जेन्टिना, अमेरिकाबाट मकै, गहुँ, खाने तेल ल्याउनेमा हामी पनि हौँ । चामलपछिको मुख्य खाने बस्तु मकै, गहुँ नै हो, कोदो पनि हो तर कम छ ।

खाद्यान्न आयात गर्दा व्यापारघाटा चरमचुली भयो भन्दै सरकारले यसपालिको बजेटमा खाद्यान्न आयात ३० प्रतिशतले घटाउने त भन्यो, उत्पादन वृद्धि गर्ने योजना के हो त ? स्पष्ट भएन । हाम्रो आयातमा अब्बल रहेको भारतले गहुँ निर्यातमा रोक लगायो, हेर्दा साँपो नापो बराबर भयो होला तर हामी कृषि भनौँ खाद्यान्नमा आत्मनिर्भर छैनौँ, उताबाट निर्यातमा रोक लगाउँदा हाम्रो दैनिकीमा सिधै असर पर्छ ।

जुन ७ लाई संसारले विश्व खाद्य स्वच्छता दिवस मनाइरहँदा हाम्रो खाद्य तथा गुणस्तर विभागले साताव्यापी दिवस मनायो तर देशमा न खाद्य सुरक्षा छ, न गुणस्तरीयता छ वा भनौँ न्यूनतम क्यालोरीको खाद्यान्न जोहो गर्नसक्ने सक्षम जनता नै छन् । सरकार शोषण गर्न उद्यत् छ, जनता त रैती हुँदै हुन्, संविधानमा दर्जनौँ मौलिक हकको व्यवस्था भए पनि नेपाली जनताको हविगत राम्रो छैन । सरकारको काम उर्दी जारी गर्ने हो, उर्दी जारी गरेको मसी सुक्न नपाउँदै आइतबारे बिदा हरायो, विनातयारी उर्दी जारी गरेको मसी सुक्न नपाउँदै इम्बोस्ड नम्बरमा एक कदम पछि हट्न बाध्य भयो सरकार जनताको व्यापक विरोधपछि, कतिपय मिडिया हाउसहरूले त इम्बोस्ड नम्बरबारे विगतदेखि नै खोतल्न थाले, विषय रहस्यात्मक रहेछ, ठेकेदारी रहेछ, अति महँगो रहेछ र पनि सरकारले २५ हजार जति सवारीसाधनलाई यस्तो नम्बर वितरण गर्न भ्याइसकेछ । पाँच वर्षको सरकारी मूल्यवृद्धिलाई जोड्दा पनि इम्बोस्ड नम्बरमा लिइएको रकम भारतको भन्दा धेरै गुणाले बढी रहेछ । भारतमा आईसी चार सयले दिइने मोटर साइकलको इम्बोस्ड नम्बर यहाँ अढाइ हजार, हदै भयो नि, भारतको पनि सबैभन्दा महँगो सिक्किमको भन्दा पनि यहाँको धेरै गुणाले बढी । थाइलैण्ड, बंगलादेश, इजरायलमा इम्बोस्ड नम्बर मातृ भाषामा छ, चीन, ताइवानको कुरै भएन । यहाँ पनि यसमा मातृभाषाको धेरै चर्चा चलेको हो ।

छिमेकी भारतको जनसंख्या हेर्दा त्यहाँको उत्पादनले त्यहीँलाई पुऱ्याउन मुस्किल पर्नुपर्ने हो र त चार वर्षयतादेखि भनौँ सन् २०१८ मा मात्र उसले कृषि वस्तुको निर्यात नीति पहिलोपल्ट ल्यायो, अब त ऊ विश्वको २ दशमलव १ प्रतिशत अन्न बालि उब्जनीको देश भएको छ । क्लस्टर योजनाअन्तर्गत भारतको महाराष्ट्रले प्याजको प्रसिद्धि, साग सब्जीका लागि वाराणसी, केराको लागि गुजरात, आँपका लागि लखनउ, सुन्तलाको लागि नागपुर त्यस्तै अन्य क्षेत्रले प्रसिद्धि पाएका छन् ।

पंक्तिकार तीर्थाटनका सन्दर्भभमा भारतको हरियाणा पुग्यो, गाडीबाट आँखाले भ्याउन्जेल कृषि बाली र हरियाली हेऱ्यो, गाडी बिग्रियो, तीन घण्टा समय बिताउन बाटो नजिकै रहेको एउटा ठूलो गोदाममा छिरेको, गहुँको डिपो रहेछ । यहाँको खाद्य संस्थानजस्तै सम्झेर त्यहाँको सामान्य स्टाफसँग भलाकुसारी गर्न लाग्यो । सबै कुरा बुझ्दा विपन्न नागरिकहरूलाई त्यहाँबाट गहुँ वितरण गरिँदो रहेछ । टाढासम्म निःशुल्क गहुँ ढुवानी हुँदोरहेछ ।

धरै वर्षअघिको कुरो । अहिले पनि प्रधानमन्त्री कल्याण योजनाअन्तर्गत न्यून आय भएका ८० करोड जनतालाई प्रतिसाता पाँच किलो चामल, गहुँ निःशुल्क वितरण हुन्छ । यो वर्ष आशा गरिएभन्दा जम्मा ५ प्रतिशत गहुँ कम भनौँ एक हजार एक सय १० लाख टन मात्र उत्पादन भएकाले र रसिया, युक्रेनको समस्याले भन्दै उसले साबिकमा ४० लाख टनसम्म गहुँ निर्यात गर्दै आएकोमा केही समयदेखि निर्यातमा रोक लगाएको छ ।

सन् १९६० सम्म यूएसएबाट गहुँ आयात गर्ने देश भारतका प्रम शास्त्रीले हप्तामा एक दिन जनतालाई उपवासको आह्वान समेत गरेका थिए । लगत्तै इन्दिरा गान्धीको पालामा अमेरिकाले गहुँ नदिएर सोबराबर सार्वजनिक लोन दिन थाल्यो । यसो गर्दा कतिले भन्न थाले भारतीयहरू खेती गर्न जान्दैनन्, सक्तैनन् । नेतृत्वलाई यति नै काफी भयो कि अहिले भारत विश्वलाई खाद्यान्न निर्यात गर्न सक्छ । यहाँको उत्पादन फलफूल, मकै, बदाम, अन्य मसलालगायतका सामान नेपालमा मात्रै होइन, यूएई, इरान, साउदी अरब, भियतनाम, इजिप्ट, इन्डोनेसिया, अफ्रिकन मुलुक, मलेसिया, बंगलादेश सबैतिर जान्छ मात्रै होइन भारत विश्वकै अन्नदाता भएको छ ।

कुनै बेला हामीकहाँ कृषि वस्तु निर्यात गर्ने धान चामल कम्पनी नै थियो । मरिमरी पिठ्युँमा धान बोकेर थापाथलीमा बुझाएको पंक्तिकारको गर्धनको ठेला अहिलेसम्म छ, सबै दन्त्य कथा भयो अहिले र हामी खाद्य पोषण, स्वच्छताजस्ता विदेशी नारामा अलमस्त छौँ, पाँच किलोको आटा प्याकेट किनेर १० प्रतिशत कीरा चालेर, फालेर तावामा ओल्टाइ पल्टाइ गरेर खानुपरेको छ । राम्ररी पकाउन ग्यास पाउने कसरी ? सरकारले चुलो दिने रे, बिजुलीको भाउ बढाउन सरकार संसारमै एक नम्बर छ ।

स्वदेशी बिजुलीको भाउ इक्बोस्ड नम्बरजस्तै अचाक्ली भयो, गर्मीमा फाइन, जाडोमा हिटर प्रयोग गर्नै पाइएन । दिल्ली र पन्जावमा धारा बत्तीको महसुल किन छुट ? यहाँ राजनीतिक प्राणीहरूलाई मात्र पोस्ने अन्य उपभोक्ता ठगिने भएको छ । यसै साता कसैलाई नभनी, वाणिज्य आपूर्ति विभागको सहमति स्वीकृति नभई जार पानीको मूल्य दोब्बर भएको छ । अनुगमन कहाँ भयो त, अघिल्लो पल्ट हल्ला गरेपछि वाणिज्य विभागले तिनलाई बोलाएर मूल्यमा अनुगमन गरेको थियो, यस पटक त खोइ चासो छैन । एक जना व्यापारीले सामान्य सही गरेको फोटोकपी पेपर देखाएर जार पानीमा मूल्य दोब्बर लिँदा कसैले देखेकै छैन यसपालि ।

कृषि उब्जनी हुने खेतबारीमा डोजर कुदाइयो भनेर सरकारले भर्खरै भू-उपयोग नियमावली राजपत्रमा प्रकाशित गरेको छ । त्यसले आवासको हकमा चार आना कममा र उब्जाको हकमा एक रोपनी कम जग्गाको खण्डीकरण हुँदैन भनिएको छ, गाउँ सहरमा अब जथाभावी डोजर नकुद्लान् तर कित्ता मिलाउने क्रममा नजिकको प्लट थप घट गर्नेसम्बन्धी नीति स्थानीय तहले बनाउन सक्ने, फलोअप गर्नसक्ने भनिएको छ त्यसो गर्दा डोजरे वडा अध्यक्षहरूको बाहुल्यता र विगतमा पनि डोजरे विकास गर्न उद्यत् राजनीतिक खेलाडीहकरूले जग्गा मिसमास नगर्लान् भन्न सकिन्न, अहिले पनि मोही तल्सिङ्को भेटघाटविना नै जग्गा किनबेच भइरहेको तीतो अनुभव छ ।

भू-माफियाहरूले गरेको जग्गा प्लटिङ्का कारण भिरालो जग्गालाई सम्याएर डोजर कुदाएर पूरै डाँडो निलेका कैयन उदाहरण काठमाडौँ उपत्यका छेउछाउमै छन्, जसले बस्ती उठेको, बालीको संरक्षण नभएको अबस्था भई समग्रमा देश खाद्यान्नको संकटमा गुज्रिएको छ । नेतृत्वकै भिजन र मिसन नभईकन देश न आत्मनिर्भर हुनसक्छ, न देशवासीको जीवनस्तर माथि उठ्न सक्छ । देशमा खाद्य ऐन २०२३, खाद्य नियमावली २०२७ कार्यान्वयनमा छ, उजुरी र गुनासो सुन्ने प्रवधान पनि छ र पनि खाद्य स्वच्छता, सुनिश्चितता नाममात्रको छ, कोरोनाकालमा गरिबलाई बाँडेको नाममात्रको चामलमा कीरा भेटिएको सार्वजनिक भएको थियो ।

खुला बजारमा किनेको खाद्यान्न अहिले पनि गुणस्तरीय छैन । बजारमा अभाव देखाइन्छ, मूल्य सोध्ने आँट गरिन्न । लाज हुन्छ । गुणस्तर, लेवल, उत्पादन मिति, एक्स्पायरी डेट, मिश्रित वस्तु उपभोक्ताले कसरी हेर्ने, प्रथमतः वस्तु नै सुलभ पाइन्न । सरकारी निकायले बाँडेको खानेपानीमा लेदो, पोलुसन आउँछ धारामा, जारमै कीरा भेटिएको छ । सर कारी दूरसञ्चारको सेवामै गुणस्तरीयता छैन । यो आलेख तयार गरिरहँदा खाद्य स्वच्छता दिवसका दिन ११ पल्ट बत्ती गयो र १५ सिटिङमा यो सानो आलेख तयार भएको हो । सरकारी विद्युत् आपूर्तिको उदाहरण हो यो । होटलमा बासी भात, झिँगा छिकेर खाइएका उदाहरण पनि छन्, विकाससँगै अब हुम्ला, जोमसोममा समेत लामखुट्टे र झिँगा पुगेका छन्, प्रकृति दोहन गर्दै असारे विकास गर्न सिपालु हाम्रो विकासे शैलीले हामीलाई गिज्याइरहेका छन् ।

गुणस्तरीय सिटामोल नपाइने देशमा विकास हेर्ने भ्युटावर ठेक्कामा उठेका छन् । तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल बनिसकेको सानो आकारको देशमा २४ लाख रूख काटेर देशै उजाड गर्न पाइएन, ठेकेदार मोटाउन नपाउने भए भन्दै निजगढ विमानस्थलका लागि रोइलो सुरू भएको छ । राष्ट्रिय गौरवका आयोजना कहिले कुनचाहिँ उही लागतमा भनेकै

*बाँकी पृष्ठ ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०७९ जेठ ३० गते सोमबार, 13 June 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



# गाउँदेखि गहुँसम्म..... .. .. . .



समयमै पूरा भएका छन् यहाँ ? बल्लतल्ल आएको भनिएको मेलम्चीको फेरि चुनावताका उद्घाटन गरेर हिउँदे सर्वत पिल्याइने होला । देशको समग्र साँचो बुझेका दलहरूले यति ठूलो लापरबाही किन गरेका ?

काठमाडौंको फोहोर उठ्ने भयो भनी ढुक्क भएको फोहोरको गाडी जाँदा फेरि पुलिस नै लगाउनुपरेको अवस्थामा देश कहाँ छ, कसले चलाएको छ, पानी र फोहोरमा राजनीति भएको छैन भन्ने ठाउँ कहाँ छ ? हरदम चुनावकेन्द्रित सत्ता, अपरिपक्व निर्णय, निर्णय कार्यान्वयनको मसी सुक्न नपाई निर्णय फिर्ता, छ/छ महिनामा मन्त्री फेर्न पाइनँ भनेर रोइलो, उठेको कर जति नेता सुविधामा खर्च हुने, बाँकी विदेशी सहयोग र अनुदान पनि चालू खर्चतिर राजनीतिक संयन्त्र पोस्न, पाल्न नै खर्च गर्नुपर्ने यो अवस्था कहिलेसम्म देशले भोग्नुपर्ने हो । जीवन सहज किन भएन, शिक्षा, स्वास्थ्य किन सहज भएन, उर्लँदो बजारलाई किन सम्बोधन गरिएन, यहाँ अभिभावक कहाँ छ, करोडौं खर्च गरिएर भद्दा संयन्त्र मात्रै नेपालीहरूले किन पाल्नु परेको, किन व्यापारघाटाले देश किचिएको, किन विदेशी ऋणमा देश डुबेको, जन्मदै नेपालीका थाप्लोमा किन ऋण ?

हाम्रो देश कृषि प्रधान सबै खाद्यान्न बाहिरबाट आउँछ, यस वर्षको बजेटले खाद्यान्न आयातमा ३० प्रतिशत घटाउने भनेको छ, कृषिप्रधान भनिएको हाम्रो देशमा खाद्यान्नको परनिर्भरता छ । हरेक वर्ष मुख्य खाद्यान्न चामल मात्रै होइन, दाल, गेडागुडी, मकै, गहुँ, आलु, फलफूल, मासु सबैजसो खाद्य सामग्रीहरू पैठारी गरिरहेका छौं । खाद्य स्वच्छताका लागि विषादीको मात्रा समेत परीक्षण गर्न सकिरहेका छैनौं । कृषिक्षेत्रमा करिव ६३ प्रतिशत जनता निर्भर रहँदा यसमा बजेटको पहिलो प्राथमिकता हुनुपर्नेमा गत वर्ष ०७८/०७९ को बजेटमा बल्ल पहिलेको भन्दा केही बढाएर ४५ अर्ब नौ करोड पुऱ्याइयो ।

अहिलेको बजेटमा पनि कृषिमा प्राथमिकता त छ, १५ अर्ब मलका लागि अनुदान पनि छ, तर किसानले मल कहाँ पाउने हो, बीउ, बजार अत्तोपत्तो छैन, गरिव देशमा सडे गलेका, सस्ता, बिग्रेका, मिति नाघेका, पुराना, बासी, झिँगा भन्केका, नपाकेका, तेल, घिउले दोहोरो तारिएका भनौं हानिकारक वस्तु सडेगलेका खान बाध्य छन्, मानिसहरू । निश्चित तापक्रममा व्यवस्थित हुन नसकेका खाना खान बाध्य छन् । पाए माछा, मासु, दूध र यसका परिकार पनि एकै ठाउँमा राखेर खाइदिने, स्टिकर, लेवल, मिति केही हेर्न नसक्ने पनि छौं हामी । पसल, गोदाम परिक्षण गर्ने हो भने ढुसी लागेका, चिसोले सताइएका, कभर बिग्रेका, कीरा परेका, लागेका कैयन मिति सकिएका औषधि समेत खाइएको अवस्था छ । मूल्य त अचाक्ली छँदै छ । अनुगमन गर्ने निकाय मौन छ । दक्ष जनशक्ति छैन ।

# पुरुषको तुलनामा महिलाको मस्तिष्क आधा डिग्री बढी तातो



पुरूषको तुलनामा महिलाको मस्तिष्क केही तातो हुने एक अध्ययनले देखाएको छ । यो तापमान रिसको तुलनामा नभई तापमान मापनका आधारमा बढी हो । महिलाको मस्तिष्क पुरूषको तुलनामा आधा डिग्री बढी तातो हुने अध्ययनले देखाएको छ ।

विशेषगरी रातिको समयभन्दा दिनमा महिलाको मस्तिष्कको तापमान करिब ४० दशमलव ९ प्रतिशत पुग्ने गर्छ ।

क्याम्ब्रिज विश्वविद्यालयको एमसीआर ल्याबोरेटरी फर मोलिक्युलर बायोलोजीले गरेको अनुसन्धानमा शरीरका अन्य अंगको तापमान ३७ डिग्री सेल्सियससम्म भए पनि मस्तिष्कको औसत तापमान ३८ दशमलव ५ डिग्रीसम्म हुने पुष्टि भएको हो । अनुसन्धाताका अनुसार मस्तिष्कको भित्री भागमा तापक्रम बढेर ४० डिग्री सेल्सियससम्म पुग्न सक्छ ।

### तापमान बढ्नुको कारण महिनावारी

अनुसन्धानमा मेस्टुअल साइकिलका कारण महिलाका मस्तिष्कको तापमान बढ्छ । मेस्टुअल कप भनेको महिनावारी हुँदा हुने रक्तश्रावलाई कपडामा लाग्न नदिन योनीमा राखिने एक नरम कप हो । महिनावारीको गडबडीका कारण महिलाको मस्तिष्कको तापमान बढ्ने गरेको अध्ययनले देखाएको छ ।

अनुसन्धानमा सहभागी डा. जोन ओ नीलले कुनै समय मान्छेको शरीरको तापमान निकै बढ्ने गरेको देखिएको बताएका छन् । मस्तिष्क तथा शरीरको तापमान बढ्दा त्यो ज्वरोको श्रेणीमा आउने उनको भनाइ छ । टाउकोको बिरामी भएकाहरूमा मस्तिष्क तथा शरीरको तापमान बढी हुने गरेको अनुसन्धानमा खुलेको उनले जनाएका छन् ।

### उमेरसँग बढ्दै जान्छ तापमान

बढ्दो उमेरसँग मानिसको मस्तिष्कको तापमान पनि बढ्दै जान्छ । बढ्दो उमेरसँगै मानिसको मस्तिष्कलाई 'कुलडाउन' गर्न सक्ने क्षमतामा समेत कमी आउने शोधकर्ताले बताएका छन् । तर यो मस्तिष्कमा रहेको विकार वस्तुका कारण हुन्छ वा हुँदैन यसबारे अनुसन्धान गर्नुपर्ने उनीहरूको भनाइ छ ।

*–दैनिक भास्करबाट*








## हाम्रो अनुरोध

- सुक्खा मौसममा हावाहुरी चल्ने घर, पसल, कार्यालय र वनलगायतमा आगलागी भई जनधनको ठूलो क्षति हुनसक्छ ।
- आगलागीका विपदजन्य घटना हुन नदिन र भइहालेमा कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाऔं ।
- आगो उत्पन्न हुने सलाई, लाइटर, ग्याँस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्ने र काम सकिएपछि सुरक्षितसाथ राख्ने गरौं ।
- वनमा डढेलो नलगाउने, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउने गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर

# पर्यटन प्रवर्द्धनमा 'ठोस काम' गर्न होटल एशोसिएशनको आग्रह

◆ विकास संवाददाता

मकवानपुरको थाहानगरमा क्रियाशील थाहा होटल एशोसिएशनले समग्र पर्यटन विकासका लागि योजनावद्ध रूपमा अघि बढ्न थाहा नगरपालिकाको ध्यानाकर्षण गराएको छ । थाहा नगर पालिकाका नगर प्रमुख विष्णु विष्ट 'आदर्श'लाई भेटेर २३ जेठमा एशोसिएशनका पदाअधिकारीहरूले पर्यटन प्रवर्द्धनमा ठोस काम गर्न आग्रह गर्दै ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

थाहानगरको आधार, कृषि पर्यटन र पूर्वाधार भनिएपनि पर्यटन विकासका खास योजनाहरू संचालन भएको भन्दै ठोस योजना निर्माण गरी कार्यान्वयन गर्न नगरपालिकालाई अनुरोध गरेका छन् । होटल एशोसिएशनले सामूहिक छलफल गरी पालिकाको ध्यानाकर्षण गरएको एशोसिएशनका अध्यक्ष शिव कुमार खत्रीले बताए ।

पालिकामा विज्ञसहितको पर्यटन शाखा स्थापना गर्नुपर्ने, पालिकाले धार्मिक तथा पर्यटकीय क्षेत्रको सूची सार्वजनिक गर्नुपर्ने, एकीकृत पर्यटन प्रवर्द्धनको योजना निर्माण गर्नुपर्ने, पालिका क्षेत्रको पर्यटकीय क्षेत्रहरूमा नियमित विद्युत आपूर्त हुनुपर्ने ध्यानाकर्षण पत्र मार्फत माग गरेका छन् । त्यस्तै पालिका क्षेत्रमा नेपाल टेलिकमको सेवा गुणस्तरीय नभएको र त्यसलाई थप व्यवस्थित गर्न नगरले समन्वय गरिदिन पनि माग गरिएको छ भने पर्यटकहरूलाई नगरको प्रमुख पर्यटकीय क्षेत्रमा सहजै घुम्न जानका लागि सार्वजनिक स्थान र नाकाहरूमा नक्साहरू र पर्यटकीय संकेत चिन्ह राख्न पनि माग गरिएको छ ।

एशोसिएशनले नगर क्षेत्रका होटल तथा रिसोर्टको वर्गिकरण, सार्वजनिक शौचालय तथा डष्टबिनको व्यवस्था, आन्तरिक तथा बाह्यि पर्यटकहरूलाई सहज आवागमनका लागि ट्याक्सी तथा अटो भाडामा एकरूपमा ल्याउन पनि माग गरिएको छ । पर्यटकहरूलाई मध्येनजर गर्दै पर्यटकहरू भेला हुने सार्वजनिक स्थानहरूमा फ्रि वाइफाई जोनका रूपमा विकास गर्न पनि भनिएको छ । पर्यटन वडा प्रोफाइल निर्माण, दीघकालिन फोहोरमैला व्यवस्थापन गरिदिन पनि एशोसिएशनले नगर पालिकालाई अनुरोध गरेको छ ।

नगरपालिकामा ध्यानाकर्षण बुझाउनका लागि चित्लाङ अर्गानिक रिसोर्टका देवेन्द्र नेपाल, गौरी शंकर होटल दामनका शिव कुमार खत्री, शंकर होटलका शनिश गोपाली, फेमिली होटलका उकेशचन्द्र केसी, डाँडाघरे होमस्टेका माधव कार्की, चित्लाङ रिसोर्टका राशरण नेपाल, साहारा रिसोर्टका हरेराम कार्की, सुनगाभा रिसोर्टका अनिल विष्ट, ओम अध्ययाय रिसोर्टका अर्जुनसिं ठकुरीलगायतका होटल व्यवसायीहरू थाहा नगरपालिका पुगेका थिए ।

# थाहामा अपाङ्ता भएकाहरुको विषय केन्द्रित नगरस्तरीय अन्तक्रिया

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाको सहयोगमा अपाङ्ग सरोकार केन्द्रले विकास घर शिखरकोटमा अन्तरक्रिया कार्यक्रम गरेको छ । २४ जेठमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रम अपाङ्ग सरोकार केन्द्र थाहानगरका अध्यक्ष मनलाल गोपालीको अध्यक्षतामा भएको थियो ।

अपाङ्ग सरोकार मञ्च मकवानपुर का अध्यक्ष ठाकुराम थापाले संचालन गरेको कार्यक्रमका प्रमुख अतिथी थाहानगर प्रमुख विष्णु विष्ट रहेका थिए । कार्यक्रममा नगर प्रमुख प्रमुख अतिथी 'आदर्श'ले राज्यले दिने सेवा सुविधालाई निरन्तरता दिदै शारीरिक अपाङ्गता भएका ब्यक्तिलाई आत्मनिर्भर ता बनाउन, सीपमुलक कार्यक्रमहरू नीति तथा कार्यक्रममा स्थान दिने प्रतिबद्धता व्यक्त गरे ।

अन्तरक्रियामा थाहा नगर उपप्रमुख भरत गोपाली, थाहा नगरपालिका सामाजिक विकास संयोजक दिनेश बल, आर्थिक विकास समिति संयोजक हेर मान गोपाली, २ नम्बर वडाध्यक्ष बहादुर सिन्तान, ३ नम्बर वडाध्यक्ष हिरेन्द्र रायमाझी ४ का नारायण लामा कार्यपालिका सदस्यहरू पवित्रा कार्की, चन्द्रमाया थिङ, रितु कार्की, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, महिला बालबालिका जेष्ठ नागरिक शाखा प्रमुख प्रतिमा मोक्तान, सामी परियोजनाका सहजकर्ता मेलिना खत्री, थाहा नगरपालिका रोजगार संयोजक कुमार नेगीलगायतका उपस्थिति रहेको थियो । कार्यक्रमलाई दिप न्यौपानेले सहजीकरण गरेका थिए ।

अन्तरक्रियामा थाहा नगरपालिका भित्र रहेका विभिन्न किसिमका अपाङ्गता भएका ब्यक्तिहरूको उपस्थित रहेको थियो । उनीहरूलाई अन्तरक्रिया कार्यक्रममा अपाङ्गता हुने कारण, वर्गीकरण तथा मान्यता सम्बन्धि जानकारी गराइएको थियो । अपाङ्गता भएको व्यक्तीको सफलता र सुखद् जिवनयापन गर्न गराउन समाज बाधक हुन नहुने र उनीहरूलाई गर्न गराउन नहुने तथा अपाङ्गता भएका ब्यक्तिहरूलाई प्रयोग गरिने मर्यादित शब्दहरूको बारेमा पनि जानकारी गराइएको थियो ।

कार्यक्रममा नगरभित्रका अपाङ्गता भएका ब्यक्तिहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका ब्यक्तिहरूको गुनासो नीति तथा कार्यक्रममा राखी सीपमुलक, आयमुलक तालिम तथा सामाग्री प्रदान गर्न नगरपालिकासंग माग राखेका थिए ।

# थाहाका बालविकास सहजकर्ताको माग: 'तलब बढाइदेऊ'

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका अन्तर्गतका बाल विकास सहजकर्ताहरूले तलब वृद्धिको माग गर्दै नगर प्रमुख विष्णु विष्ट समक्ष ध्यानाकर्षणपत्र बुझाएका छन् ।

बाल विकास सहजकर्ता युनियनले २७ जेठमा पालिकामा उपस्थि भै सरकारले आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम बजेट मार्फत सर कारी कर्मचारी तथा विद्यालय शिक्षकहरूको तलब १५ प्रतिशतले वृद्धि गरेता पनि बाल विकास सहजकर्ता न्यूनतम सुविधामा काम गर्न बाध्य भएको सुनाए ।

उनीहरूले सामुदायिक विद्यालय वाल बिकास केन्द्र सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरूको कुनै सेवा सुबिधामा सम्बोधन नभएकोले थाहा नगर पालिकामा कार्यरत बालबिकास सहजकर्ता र विद्यालय कर्मचारीहरूलाई प्रोत्साहन गर्न अन्य शिक्षक सहितको सेवा सुबिधाको माग गरेका छन् ।

# शिक्षामा २० प्रतिशत बजेट व्यवस्था गर्न शिक्षक सङ्गठन थाहानगरको माग



◆ विकास संवाददाता

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन थाहानगर समितिले थाहा नगरपालिका प्रमुख विष्णु विष्ट तथा उपप्रमुख भरत गोपालीलाई १९ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ । आर्थिक वर्ष २०७९/०८० को बजेट तर्जुमाको पूर्व सन्ध्यामा शिक्षा केन्द्रित मागहरू बुझाउँदै २७ जेठमा पालिकाको ध्यानाकर्षण गराएको शिक्षक संगठनका नगर अध्यक्ष रूपचन्द्र गोपालीले जानकारी दिए ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन थाहानगर समिति पालिका भित्र सार्वजनिक शिक्षाको उन्नयनका लागि जिम्मेवार रहेको र नगर कार्यपालिकासँग हातेमालो गर्दै आइरहेको उल्लेख गर्दै पालिकाको कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा लगानी गर्न माग गरेको छ । त्यस्तै लेखापाल, बालबिकास शिक्षक र विद्यालय कर्मचारीको पारिश्रमिक, तहगत दरबन्दी कायम गरि सोही अनुसार समय सान्दर्भिक हुनेगरि उपलब्ध गराउनुपर्ने माग राख्दै ध्यानाकर्षण गराएको छ ।

त्यस्तै संगठनले विद्यालयहरूमा विद्यालय कर्मचारीको दरबन्दी थप गर्नुपर्ने, आधारभूत तहका बिद्यालयहरूमा पनि लेखापालको दरबन्दी ब्यबस्था गर्नुपर्ने, बिद्यालयहरूमा कक्षा १-५ मा अंग्रेजी माध्यमको पठनपाठन र पाठ्यपुस्तकको सुनिश्चितता गर्नुपर्ने, करार शिक्षकको पेसा सुरक्षितताको लागि नीतिगत व्यवस्थापन हुनुपर्ने, संघ, प्रदेश र जिल्लामा क्रियाशिल रहेको सम्बाद समितिलाई पालिकामा समेत क्रियासिल गराउनु पर्ने माग समेत गरेको छ । शिक्षक संगठनले बिद्यालयको पानी, बिजुली, मालपोत (एकिकृत सम्पती कर) लगायत प्रशासनिक खर्चको ब्यबस्था गरिदिन माग गरेको छ भने अल्पसंख्यक, गरीब र जेहेन्दार बिद्यार्थीहरूलाई छात्रबृत्तीको ब्यबस्था गर्नुपर्ने, विद्यालयहरूमा भौतिक पूर्वाधारको सुनिश्चितता गर्नुपर्ने, सबै तहका बिद्यालयहरूलाइ प्रभावकारी सूचना प्रविधिमैत्री बिद्यालय बनाउनु पर्ने, अभिभाबक शिक्षा प्रदान गर्नुपर्ने, सबै तहका बिद्यार्थीहरूलाइ दिवा खाजाको ब्यबस्था गर्नुपर्ने, दिवा खाजाको हालको रकमलाई बृद्धि गर्नुपर्ने लगायतको माग राखेको छ ।

नगर उपप्रमुख भरत गोपाली समेत उपस्थितीमा बुझायएको ज्ञापनपत्रमा सबै तहका बिद्यालयहरूमा खेलकुद शिक्षक र स्वास्थ्यकर्मिको ब्यबस्था गर्नुपर्ने, शिक्षक प्रसुति बिदामा रहँदा सट्टा शिक्षकको ब्यबस्था गर्नुपर्ने, पालिकाले हरेक बर्ष विधागत रूपमा उत्कृष्ट शिक्षकहरूलाई सम्मानको ब्यबस्था गर्नुपर्ने, शिक्षकहरूलाई आवश्यकता अनुरूप बिषयगत तालिमको ब्यबस्था गर्नुपर्ने र शिक्षकहरूलाई वार्षिक शैक्षिक भ्रमणको व्यवस्था गर्नुपन माग गरिएको संगठनका थाहानगर सचिव कृष्ण प्रसाद लामिछानेले बताए ।

# नयाँ विद्यार्थीको स्वागतमा बज्रबाराहीमा साँस्कृतिक कार्यक्रम

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगर पालिकाका विद्यालयहरूले नयाँ शैक्षिकसत्रमा भर्ना हुन आएका विद्यार्थीको स्वागतमा २० जेठमा साँस्कृतिक कार्यक्रम आयोजना गरेको छ । थाहा नगरपालिकाले वार्षिक शैक्षिक क्यालेण्डरमै साँस्कृतिक कार्यक्रमको आयोजना गर्ने तय गरेको थियो ।

शैक्षिक क्यालेण्डरअनुसार शुक्रबार पालिकाका ५३ वटै विद्यालयमा साँस्कृतिक कार्यक्रम गरेर विद्यार्थीलाई स्वागत गर्ने तय भएको थाहा नगर पालिका-६, बज्रबाराहीस्थित बज्रबाराही माविका प्रधानाध्यापक रमेशमान डंगोलले जानकारी दिए । प्रधानाध्यापक डंगोलका अनुसार सबै विद्यालयहरूमा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने योजनाअनुसार नै बज्रबाराही माविमा शुक्रबार साँस्कृतिक कार्यक्रम गरिएको छ ।

बज्रबाराही माविका विद्यार्थीले नृत्य, गायन कला प्रस्तुत गरेर नयाँ विद्यार्थीलाई स्वागत गरेका छन् । बज्रबाराही माविमा ४५ जना नयाँ विद्यार्थी भर्ना भएको प्रधानाध्यापक डंगोलले जानकारी दिए । साँस्कृतिक कार्यक्रममा कक्षा ७ मा अध्ययनरत सबिन बलामी र कुशल बलामीले गीत गाएका थिए भने रितिका अधिकारी, प्रमिला थापा मगर, डेबिना बलामी, सुपेक्षा श्रेष्ठ, गरिना आले मगर, प्रविणा महर्जन र सकिरा बलामीले नृत्य प्रस्तुत गरेका थिए । मौलिक भेषभुषामा सजिएर विद्यार्थीले नृत्य कला प्रस्तुत गरेका थिए ।

साँस्कृतिक कार्यक्रमसँगै विद्यालयले छात्रा छात्रवृत्ति तथा दलित छात्रवृत्ति रकम पनि वितरण गरेको छ । प्रधानाध्यापक डंगोलका अनुसार ८ कक्षासम्मका छात्रा छात्रवृत्ति ९० जनालाई वितरण गरेको छ भने दलित छात्रवृत्ति १३ जनालाई प्रदान गरिएको छ । यस्तै ऋषि कुमारी तथा विष्णुकुमारी स्मृति छात्रवृत्ति एसईईमा उत्कृष्ट नतीजा हासिल गर्ने विद्यार्थी सुजन घलान र कक्षा १२ को परीक्षामा उत्कृष्ट नतीजा ल्याउने विद्यार्थी प्रयञ्का गोपालीलाई जनही नगद ५ हजार रूपैयाँसहित सम्मान गरेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहाका अपाङ्गता भएका परिवारका ५१ बालबालिकालाई शैक्षिक सामाग्री



◆ विकास संवाददाता

थाहा नगरपालिका क्षेत्रका १६ सामुदायिक विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका अभिभावकका बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरिएको छ । २५ जेठमा विकास घर शिखरकोटमा थाहा नगरपालिकाको समन्वयमा बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरिएको हो ।

बागमती प्रदेशको आर्थिक सहयोग, अपाङ्ग सरोकार समिति थाहानगरको आयोजनामा कार्यक्रम भएको हो । थाहा नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष हिरेन्द्र रायमाझीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नगर क्षेत्रका ५१ जना बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरिएको हो ।

कार्यक्रममा थाहा नगरपालिकाका शिक्षा शाखा प्रमुख शोभाकर रेग्मी, ४ नम्बर वडा अध्यक्ष अध्यक्ष नारायण लामा, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्की, थाहा नगरपालिकाका रोजगार संयोजक कुमार नेगीलगायतकाको उपस्थिती रहेको थियो। कार्यक्रम अपाङ्ग सरोकार समिति थाहा नगरपालिकाका अध्यक्ष मनलाल गोपालीको सभाध्यक्षतामा भएको थियो ।

# पछाडिपारिकाहरुको सशक्तीकरणका लागि कार्यक्रम ल्याउन सुझाव

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा महिला, बालबालिका, किशोरी, जेष्ठ नागरिक र पिछडिएका वर्गलाई मूल प्रभाविकरण र सशक्तिकरणको लागि पालिकाले योजना निर्माण गरी कार्यान्वयन गर्न थाहानगर प्रमुख (मेयर) विष्णु विष्ट 'आदर्श'लाई अनुरोध गरिएको छ ।

थाहानगरमा क्रियाशील दामन चेली समाजले २४ जेठमा थाहाका नवनिर्वाचित जनप्रतिनिधिहरूलाई भेटी पिछडिएका बर्गको रूपान्तरणको संस्थाले पनि काम गरिरहेको बताउँदै यि लक्षितवर्गका लागि कार्यक्रम संचालन गर्न आग्रह गरेका हुन् ।

संस्थाले महिला बालबालिका र पछाडि पारिएकाहरूको सशक्तीकरणका लागि काम गरिरहेको दामन चेली समाजकी सदस्य उर्मिला गोपालीले जानकारी गराइन् । चेली समाज र थाहा नगरपालिकासंग समन्वय गरेर थाहानगर भित्र रहेका किशोरी, महिला, जेष्ठ नागरिक, अपांगहरूको सशक्तिकरणको निम्ति आर्थिक बर्ष ०७९/०८० को नीति तथा कार्यक्रममा सबैको आवाज समेट्न समाजकी अध्यक्ष जयन्ती रायमाझीले आग्रह गरिन् ।



पालिकाले आगामी आर्थिक वर्ष किशोरी लक्षित आत्मरक्षाका तालिम, विपन्न तथा किशोरीहरूलाई महिनावारी हुँदाको हेरचाह, महिला स्वास्थ्य शिविर तथा महिलाहरूलाई आर्थिक रूपले सबल बनाउन स्वरोजगारमुलक तालिम सम्बन्धी कार्यक्रम तर्जुमा गर्न पनि समाजले थाहानगरलाई आग्रह गरेको छ।

चेली समाजले नवनिर्वाचित नगर प्रमुख, उपप्रमुखलगायत १२ वटै वडा अध्यक्षहरूलाई बधाई तथा सम्मान गरेको छ । महिलाहरूको मागप्रति प्रमुख बिष्टले धन्यवाद दिए । उनले आफू महिला, बालबालिका, अपाङ्ग तथा पिछडिएका वर्गको हितको लागि कार्यक्रम संचालन गर्न आफू प्रतिवद्ध रहेको प्रतिक्रिया दिए ।

# थाहा नगरपालिकामा असार १५ सम्म भुक्तानीका लागि माग पेश हुनुपर्ने

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले चालु आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरूको रकम भुक्तानीको लागि आगामी १५ असारभित्र कागजात पेश गरिसक्न सम्बन्धित सबैलाई सूचना जारी गरेको छ ।

थाहा नगर कार्यपालिकाको कार्यालयले २५ जेठमा एक सूचना जारी गर्दै १५ असारभित्र भुक्तानीका लागि आवश्यक रीत पुर्‍याई कागजातसहित माग पेश हुन नआएमा नगर कार्यपालिका जिम्मेवार र जवाफदेही नहुने र स्वयम् सरोकारवाला नै जिम्मेवार हुनेसमेत स्पष्ट पारेको छ । नगरपालिका अन्तर्गत सबै वडा कार्यालयहरू, सबै विषयगत शाखाहरू, सबै उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरू, सबै सरोकारवाला निकाय र संघसंस्थाहरूको नाममा सूचना जारी गरिएको हो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था भएकोले १५ असार सम्म भुक्तानी माग गर्न सरोकारवालालाई समयमै सूचित गरिएको थाहा नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले बताए ।

स्थानीय तहहरूले सरकारी कारोबारको अभिलेखाङ्कन गर्दै आएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) गत आर्थिक वर्ष २०७७/०७८ मा असार मसान्तमा बन्द भएकोमा चालु आव २०७८/०७९ मा ७ दिन अगावै बन्द हुने महालेखा नियन्त्रकको कार्यालयले परिपत्र गरेको थाहा नगरपालिकाले जनाएको छ ।

नगरपालिकाबाट सञ्चालित अन्य



योजना तथा कार्यक्रम १५ असार, २०७९ भित्र सम्पन्न गरी भुक्तानीको माग गर्नुपर्ने र २० असारभित्र सबै योजनाको फरफारक गरिसक्नु पर्ने सूचनामा जनाइएको छ । त्यस्तै संघीय सरकार तथा प्रदेश सरकारको सशर्त, समपुरक र विशेष अनुदान तथा प्रदेश पूर्वाधारतर्फको सबै योजना तथा कार्यक्रम १० असार भित्रै सम्पन्न गरी भुक्तानीको लागि पेश गर्नुपर्ने सूचनामा भनिएको छ ।

## पहिले काम अनि बधाई

जनतामा समर्पित भई गरेको कामको उपलब्धीको आधारमा बधाई दिन थाहा नगरपालिकाका नगर प्रमुख विष्णु विष्ट 'आदर्श'ले सुझाएका छन् । पालुङ जेसीजले मकवानपुरको थाहानगरमा २१ जेठमा आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा नगर प्रमुख विष्टले भने-'जनप्रतिनिधिहरूलाई बधाई तथा शुभकामना अहिले होइन पाँचवर्ष जनताको काम कति गर्यो भनेर मुल्यांकन गरी अवधी सकिएपछि गर्नूस ।'

नगर प्रमुख विष्टले नगरको नीति तथा कार्यक्रम समग्र जनताको भावनालाई समेटेर आउने बताए । यसका लागि सरोकारवालाहरूसंग छलफल गरेरै अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५५३३००

## सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमता भन्दा बढि यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तिब्र गतिमा सवारीसाधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*

- विकास खबरपत्रिका

## कण्डम






- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो । यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपर्छ ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो ।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ। कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि निःशुल्क उपलब्ध हुन्छ ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ ।


**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## परिवार नियोजन



- पहिलो बच्चा ढिलो पाउन
- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि

### १ . अस्थायी साधनहरु



१.१ आई.यू.सी.डि (कपर टि) :
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।

१.२ ईम्प्लाण्ट :
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।

१.३ डिपो (३ महिने) सुई :
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।

१.४ खाने चक्का (पिल्स) :
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।





बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं, गराऔं ।



बालविवाह अन्त्य गरौं ।



बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।



बालविवाह गरी घरेलु हिंसामा नफसौं ।



बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौं ।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

**थाहा नगरपालिका**
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-८, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी